# महालेखा परीक्षकको ार्यालय
**Office of the Auditor General**

Phone: 4258174
4266034
4255707
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL


पत्र संख्या: २०७४/७५
च.नं. ७६१

मिति: २०७४।८ ।१८

विषय: **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यू,
पाँचखपन नगरपालिका
वाना संखुवासभा ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस गाउँपालिकाको आर्थिक वर्ष २०७३।७४ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४। ०८। मा छलफल पश्चात् तयार गरिएको पाना ०८ ( आठ ) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(३) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(ताराप्रसाद घिमिरे)
निर्देशक

**बोधार्थ तथा कार्यार्थ:**
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिंहदरवार, काठमाडौं:- प्रतिवेदन संलग्न छ ।

श्री जिल्ला समन्वय समितिको कार्यालय,
संखुवासभा खाँदबारी:- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
संखुवासभा खाँदबारी :- प्रतिवेदन संलग्न छ ।

# आर्थिक कारोबारको स्थिति

| कार्यालय र स्थान: | | नाम | कार्यरत अवधि | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| पाँचखपन नगरपालिका | कार्यालय प्रमुख: | तेजिन्द्र गौतम | २०७४।०१।०७ | २०७४।०३।३१ | |
| | | | | | |
| | लेखा प्रमुख: | रुद्रमणि श्रेष्ठ | २०७४।०१।०७ | २०७४।०३।३१ | |
| साविक बाना गा.वि.स | कार्यालय प्रमुख | ईन्द्र बहादुर दर्नी | २०७३।०४।०१ | २०७३।११।२८ | |
| साविक जलजला गा.वि.स | कार्यालय प्रमुख | ब्राईटर कुमार शाह | २०७३।०४।०१ | २०७३।११।२८ | |
| साविक स्यावुन गा.वि.स. | कार्यालय प्रमुख | प्रेम बहादुर श्रेष्ठ | २०७३।०४।०१ | २०७३।११।२८ | |

# पाँचखपन नगरपालिका

## एकीकृत आय-व्ययको विवरण

### गाउँ विकास समिति खर्च (फिर्ता समेत) २०७३।४।१ देखि २०७४ आषाढ मसान्तसम्म

| क्र. सं. | आय | | | | व्यय | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | साविक जिम्मेवारी | यस वर्षको आम्दानी | जम्मा | खर्च | मौज्दात/जि.वि.स.फिर्ता | जम्मा |
| (क) | साविक गाउँ विकास समितितर्फ (२०७३।४।१-११।२७) | | | | | | |
| १. | बाना गाउँ विकास समिति | १११५९१.७२ | ७७६६३२०.०० | ७८७७९११.७२ | ४७५९२४६.०० | ३११८६६५.७२ | ७८७७९११.७२ |
| २. | जलजला गाउँ विकास समिति | १२१६६१.२० | ८०८१३००.०० | ८२०२९६१.२० | ५०३३१३१.०० | ३१६९८३०.२० | ८२०२९६१.२० |
| ३. | स्यावुन गाउँ विकास समिति | ३५५०३७.५० | ७९३७२००.०० | ८२९२२३७.५० | ६३५१७३४.८१ | १९४०५०२.६९ | ८२९२२३७.५० |
| | जम्मा: | ५८८२९०.४२ | २३७८४८२०.०० | २४३७३११०.४२ | १६१४४१११.८१ | ८२२८९९८.६१ | २४३७३११०.४२ |
| (ख) | पाँचखपन नगरपालिका (२०७३।११।२८-०७४।३।३० सम्म) | ८२२८९९८.६१ | ३४६४७५०९.०० | ४२८७६५०७.६१ | २६२४०८१४.०० | १६६३५६९३.६१ | ४२८७६५०७.६१ |
| | कूल जम्मा: | ८८१७२८९.०३ | ५८४३२३२९.०० | ६७२४९६१८.०३ | ४२३८४९२५.८१ | २४८६४६९२.२२ | ६७२४९६१८.०३ |

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

| दफा नं. | भौ.नं., मिति र व्यहोरा |
|---|---|
| | १. पाचखपन नगरपालिका |

## पाचखपन नगरपालिका

(२०७३ फागुन २८ गते देखी २०७४ आषाढ मसान्त सम्म)

आय-व्यय विवरण

| आय | | | | व्यय | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं | विवरण | रकम | रकम | क.सं. | विवरण | रकम | रकम |
| १. | अल्या | | ८२२८९९८.६१ | १. | जि.वि.स. अनुदान खर्च | | २१०४०८१४.०० |
| २. | जि.वि.स.अनुदान | | २४६४७५०९.०० | | | | |
| (क) | चालु अनुदान | ५४५४००.०० | | (क) | चालु खर्च | ५४५४००.०० | |
| (ख) | पूँजीगत अनुदान | ६०७७०३५.०० | | (ख) | पूँजीगत खर्च | २४७०३४०.०० | |
| (ग) | सामाजिक सुरक्षा भत्ता | १७५८१६००.०० | | (ग) | सामाजिक सुरक्षा | १७५८१६००.०० | |
| (घ) | अन्य | ४४३४७४.०० | | (घ) | अन्य | ४४३४७४.०० | |
| ३. | गाउँपालिका अनुदान | | १००००००००.०० | २. | गाउँपालिका अनुदान खर्च | | ५२०००००.०० |
| (क) | चालु अनुदान | २००००००.०० | | (क) | चालु अनुदान | २००००००.०० | |
| (ख) | पूँजीगत अनुदान | ८००००००.०० | | (ख) | पूँजीगत अनुदान | ३२०००००.०० | |
| (ग) | स्थानीय शासन | | | (ग) | स्थानीय शासन | | |
| (घ) | बहुक्षेत्रीय पोषण | | | (घ) | बहुक्षेत्रीय पोषण | | |
| (ङ) | अन्य | | | (ङ) | अन्य | | |
| ४. | आन्तरिक आय | - | | ३. | मौज्दात | - | |
| | | | | (क) | बैंक | | १६६३५६९३.६१ |
| | जम्मा | | ४२८७६५०७.६१ | (ख) | जम्मा | | ४२८७६५०७.६१ |

१. **आर्थिक ऐन नियम पालना सम्बन्धमा :–**

- खरिद ईकाई गठन र वार्षिक खरिद योजना नवनाएको ।
- मूल्य नखुलेका पुराना सामनको मूल्य कायम गराई रहेको छैन ।
- जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन लिएको र सो माथि कारबाही गरेको छैन ।
- कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिएको छैन ।
- संचालित कार्यक्रम आयोजनाको अनुगमन र मूल्यांकन गरेको छैन ।
- पहिचान भएको जोखिम निराकरणको प्रयास गरेको छैन ।
- बार्षिक प्रगती प्रतिवेदन तयार गरी तालुक निकायमा पठाएको छैन ।
- आर्थिक कार्यविधी नियमावली २०६४को अनुसुची १४(आर्थिक कारोबारको संक्षिप्त बार्षिक प्रतिवेदन) तयार गरी तालुक निकायमा पठाएको छैन ।
- जिन्सी निरीक्षणको प्रतिवेदन प्राप्त नभएकोले खरिद गरिएको सामन एकिन हुन सकेन ।
- साविक गा.वि.स. तथा नगरपालिका तर्फको योजना विवरण प्राप्त हुन आएन ।
- आर्थिक कार्यबिधि नियमावली, २०६४को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षण गराएको देखिएन ।

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु:**

२. पाँचखपन नगरपालिका वार्ड नं. ४,५,६ तर्फ भौ.नं ४२/०७४।३।५ कार्यालयले विविध खर्च वापत रु २५,०००।– खर्च लेखेकोमा विल भरपाई बेगर खर्च लेखेकोले असुल हुनु पर्दछ । –प्रमाणबाट हटाइएको ।

३ पाँचखपन नगरपालिका वार्ड नं. १,२,३ तर्फ भौ.नं, ३१/०७४।२।२४ कार्यालयले चालक सुमन गुरुङ्गलाई तलब वापत रु ३३,०००।– खर्च लेखेको छ । कार्यालयमा स्वीकृत सवारी चालक दरबन्दी नभएको तथा कार्यालयमा मोटर साईकल बाहेक सवारी साधन नभएको अवस्थामा पारिश्रमिक वापत भुक्तानी खर्च लेख्न पाउने कुनै आधार प्रमाण भए पेश गर्ने अन्यथा असुल हुनु पर्दछ ।

४, भौ.नं. १४/०७४।०२।०८ कार्यालयले मैन बत्ती ईन्डिस्ट्रिज प्रा लि र न्यू भगवती ढुवानी सेवालाई क्रमश: रु ३,४५,०००।– र रु २४,०००।– गरी जम्मा रु ३,६९,०००।– खर्च लेखेको छ । आयकर ऐन २०५८ अनुसार क्रमश: १.५ प्रतिशतले हुन आउने रकम कर रु ५,१७५। र ढुवानी कर १० प्रतिशतले हुन आउने रु २४००।– समेत जम्मा ८,११५।– सम्बन्धितबाट असुल गरी राजश्व खातामा दाखिला गर्नु पर्ने देखिन्छ ।

५. **बरबुझारथ नगरेको** :आर्थिक कार्यबिधि नियमावली २०६४को परिच्छेद ६को नियम ५५ अनुसार नगद जिन्सी मालसामान लगायत अन्य सरकारी कागजात जिम्मालिने कर्मचारी साधारण तया सरुवा अवकास तथा कार्यालय छोडी जादा बरबुझारत गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयमा ३ गाउ विकास समिति गाभिएकोमा ति निकायमा रहेको जिन्सी सामानको बरबुझारथ गरेको देखिएन ।

६. **माल सामान खरिद** :सार्बजनिक खरिद नियमावली २०६४को नियम ८४ अनुसार स्विकृत कार्यक्रम र खरिद योजना अनुसार रु.५ लाख देखि २० लाख रुपैया लागत अनुमान भएका मालसामान सिलबन्दी दरभाउपत्रका आधारमा खरिद गर्ने व्यवस्था रहेको छ । कार्यालय सामानहरु कम्युटर, सोलार, फर्निचर लगायतका सामान खरिद गर्दा खरिद योजना बेगर रु.५ लाखमा नबढने गरी पटक पटक खरिद गरेको छ । नियममा व्यवस्था भएबमोजिमको प्रकृया अपनाई प्रतिस्पर्धात्मक तरिकाबाट सामान खरिद गर्नु पर्नेमापटक पटक गरी सिधै खरिद गरेको नियम सम्मत देखिएन ।

७. **सामाजिक सुरक्षा भत्ता:** जिल्ला समन्वय समितिबाट रु.१७५८१६००।–गाउँपालिकाको नाममा सामाजिक सुरक्षा भत्ता तर्फ प्राप्त रु.१७५८१६००।–.सबै रकम गाउँपालिकाले खर्च देखाएको छ । सोही रकम मध्ये बितरण नभई बाकी रहेको रकम क– १– ६ दाखिला र खर्च छुट्याएको छैन । जिल्ला समन्वय समितिले गाउँपालिकाको नाममा पेश्की फछ्यौंट बाँकी रु.९३,७,५६००।– देखिएकोमा गाउँपालिकाले सबै रकम खर्च देखाएको नियम सम्मत देखिएन ।

८ **पेश्कि** , कार्यालयले पेश गरेको बैंक नगदी किताव र गत वर्षको लेखा परिक्षण प्रतिवेदनको अभिलेखको आधारमा गत वर्ष सम्मको पेश्कि बाँकी रु ३३,७१,९९०।– भएकोमा रु २१,९०,०००। पेश्कि

फछौंट भई बाँकी रु ११,८१,९९०।–बाकी रहेको र यस वर्षको पेश्कि बाँकी रु १९,७४,६६६।– समेत रु ३१,५६,६५६।– पेश्कि आर्थिक कार्यबिधि नियमावली २०६४को परिच्छेद ९ को नियम ७७ अनुसार असुल पछ्यौंट हुनु पर्दछ ।

| साविक गाविस | गत वर्षको पेश्की बाकी | गतको चालु आ.व.मा फछ्यौंट | गतको बाकी | चालु आ.व.का. वडाको समेत पेश्की | जम्मा पेश्की बाकी |
|---|---|---|---|---|---|
| स्याबुन | २३०००००.०० | २१९००००.०० | ११००००.०० | १३७००००.०० | १४८००००.०० |
| बाना | १०३१९९०.०० | ०० | १०३१९९०.०० | २३६०००.०० | १२६७९९०.०० |
| जलजला | ४००००.०० | ०० | ४००००.०० | ३६८६६६.०० | ४०८६६६.०० |
| जम्मा | ३३७१९९०.०० | २१९००००.०० | ११८१९९०.०० | १९७४६६६.०० | ३१५६६५६.०० |

८.१ कार्यालयले पेश गरेको पे.फ.को फाटवारी अनुसार रु ९१,७१,६००।- नगरपालिका तर्फको निम्न कर्मचारीको नाममा पेश्कि बाँकी रहेकोल आर्थिक कार्यविधि नियमावली २०६४को परिच्छेद ९ को नियम ७७ अनुसार असुल पछ्यौंट हुनु पर्दछ

| नामथर, पद | रकम रु |
|---|---|
| प्रेमबहादुर श्रेष्ठ, ना.सु. | ३७,७१,६००/- |
| ब्राईटर कुमार साह, ना.सु. | २७,०००००/- |
| इन्द्र बहादुर दर्जी, खरिदार | २७,०००००/- |
| जम्मा | ९१७१६००/- |

९, पाँचखपन न पा वार्ड नं. १, २, ३ को रु २०८०६३७६९ वार्ड नं. ४,५,६ को रु ४६१७८६४।७२ वार्ड नं. ७,८,९ को रु ३३६०८२५।२० गरी जम्मा रु १००५९३२७६१ वार्डको खातामा रहेकोले नगरपालिकाको संचितकोष खातामा जम्मा गर्नु पर्ने देखिन्छ ।

२. **साविकको गाउँ विकास समितितर्फ**

२.१ ***जलजला*** गाउँ विकास समिति(**२०७३ श्रावण १ गते देखी फागुन २७ सम्म**)

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १. गत बर्षको मौज्दात | | १२१६६१.२० | १. यो वर्षको खर्च | | ५०३३१३१.०० |
| २. यो वर्षको आम्दानी | | ८०८१३००.०० | • चालु | ३६३२००.०० | |
| • चालु | ३६३२००.०० | | • पूजिगत | ७४६८३१.०० | |
| • पूजिगत | ३७९५०००.०० | | • सामाजिक सुरक्षा | २७४८०००.०० | |
| • सामाजिक सुरक्षा | २७४८०००.०० | | • अन्य | ११७५१००.०० | |
| • अन्य | ११७५१००.०० | | २.मौज्दात गा.पा.फिर्ता | | ३१६९८३०.२० |
| जम्मा | | ८२०२९६१.२० | जम्मा | | ८२०२९६१.२० |

**पूँजिगत खर्च तर्फ**

१, ३/२०७३।६।२० कार्यालयले पुनम एण्ड प्रसान्त अटो ट्रेडबाट मोटरसाईकल एक थान खरिद गरेकामा

भ्याट बाहेक रु २,०७,८९६। –भुक्तानी गर्दा आयकर ऐन २०५८ अनुसार अग्रिम कर १.५ प्रतिशतले हुन आउने रकम रु ३,११९। –कट्टा गरी दाखिला गर्नु पर्नेमा दाखिला गरेको देखिएन उक्त रकम असुल हुनु पर्दछ। → प्रतिक्रियाबाट हटाएको।

२, ५/२०७३।०७।२२ कार्यालयले सब ईन्जिनियर प्रकाश न्यौपानेलाई तलब भुक्तानी रु २२,१७०। खर्च लेख्दा सामाजिक सुरक्षा कर १ प्रतिशतले हुन आउने रु २२२।– सम्बन्धितबाट असुल गरी राजश्व खातामा दाखिला हुनु पर्दछ। → प्रतिक्रियाबाट हटाएको।

३, कार्यालयले आ.व.०७३।०७४ को प्रथम र दोस्रो चौमासिक अवधिको मालपोत असुली रु२५,०००।– को २५प्रतिशतले हुन आउने रकम रु ६,२५०।– जिल्ला समन्वय समितिको खातामा दाखिला गरेको देखिएन। → प्रतिक्रियाबाट हटाएको।

४, कार्यालयले आ.व.०७३/७४ को प्रथम र दोस्रो चौमासिक अवधिको मालपोत उठती र विविध आम्दानी रकम रु १,४६,५००। –नगद मौज्दात देखाएकोमा राजश्व खातामा दाखिला गरेको नदेखिएकोले दाखिला हुनु पर्ने देखिन्छ। → प्रतिक्रियाबाट हटाएको।

५, कार्यालयले पेश गरेको आय व्यय विवरण अनुसार गत वर्षको जिम्मेवारी रु १,२१,६६१।२० र यस वर्षको आम्दानी रु ८०,८१,३००।०० समेत जम्मा आम्दानी मध्येरु ५०,३३,१३१।०० खर्च भई बाकी रु ३१,६९,८३०।२० पाँचखपन नगरपालिकाको सर्व संचित कोष खातामा ट्रान्सफर गरेको छ।

२.२ *बाना* गाउँ विकास समिति(०७३।४।१ देखि ०७३।११।२७)

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १. गत वर्षको मौज्दात | | १११५९१.७२ | १. यो वर्षको खर्च | | ४७५९२४६.०० |
| २. यो वर्षको आम्दानी | | ७७६६३२०.०० | • चालु | ३६३२००.०० | |
| • चालु | ३६३२००.०० | | • पुजिगत | ५९३८८६.०० | |
| • पुजिगत | ३६००९६०.०० | | • सामाजिक सुरक्षा | ३३४४०००.०० | |
| • सामाजिक सुरक्षा | ३३४४०००.०० | | • अन्य | ४५८१६०.०० | |
| • अन्य | ४५८१६०.०० | | २. मौज्दात जि.वि.स.फिर्ता | | ३११८६६५.७२ |
| जम्मा | | ७८७७९११.७२ | जम्मा | | ७८७७९११.७२ |

- पूजिगत तर्फ :

१, २/०७३।६।११
७/०७३।९।२२ स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी २०६९(१३)१ क अनुसार स्थानिय निकायको कोषको पूजिगत रकमबाट कुनै पनि प्रकारको तलब भत्ता, बैठक भत्ता र कर्मचारी एवं राजनैतिक पदाधिकारी वा व्याक्तिको पारिश्रमिक सुबिधा सम्बन्धी खर्चहरु गर्न पाईने छैन भन्ने उल्लेख छ। कार्यालयले कर्मचारीहरुको तलब भत्ता दशै खर्च, दैनिक भ्रमण भत्ता वापत रु ९१,५३०।– खर्च लेखेको अनियमित देखिएको छ।

२, १९ख/०७३।१२।१५ पाँचखपन नगरपालिका उदघाटन कार्यक्रममा खाना खाजा र नास्ता र अन्य खर्च वापत ना सु प्रेम बहादुर श्रेष्ठको नामको पेश्कि रु २५,०००।– फछ्र्यौट गरेको छ। उक्त खर्चको बिल भरपाई बेगर पेश्की फछ्र्यौट गरेको देखियो। → प्रतिक्रियाबाट हटाएको

३, कार्यालयले पेश गरेको आय व्यय विवरण अनुसार गत वर्षको जिम्मेवारी रु १,११,५९१।७२ र यस वर्षको

आम्दानी रु ७७,६६,३२०।०० समेत रु ७८,७७,९११।७२ आम्दानी मध्ये रु ४७,५९,२४६।०० खर्च भई बाकी रु ३१,१८,६६५।७२ पाँचखपन नगरपालिकाको सर्व संचित कोष खातामा ट्रान्सफर गरेको छ ।

४ कार्यालयले पेश गरेको आय व्यय विवरणमा कार्यालयको आन्तरीक आम्दानी तर्फ रकम खुलाएको छैन । कार्यालयले विभिन्न शिर्षकबाट कर कट्टी गरेको रकम रु ६६६। –राजश्व खातामा दाखिला गर्नुपर्नेमा दाखिला गरेको देखिएन । → प्रतिक्रियाबाट हटाएको ।

५, कार्यालयले आ.व.०७३।०७४ को प्रथम र दोस्रो चौमासिक अवधिको मालपोत असुली रु २८,०००।– को २५प्रतिशतले हुन आउने रकम रु ७,०००। –जिल्ला समन्वय समितिको खातामा दाखिला गरेको देखिएन । → प्रतिक्रियाबाट हटाएको ।

६, कार्यालयले आ.व.०७३/७४ को प्रथम र दोस्रो चौमासिक अवधिको मालपोत उठती र विविध आम्दानी रकम रु.१,००,२२४।–आयव्यय बिबरणमा नगद मौज्दात नदेखाई नगद राखेकोमा राजश्व खातामा दाखिला गर्नुपर्ने देखिएको छ। → प्रतिक्रियाबाट हटाएको।

२.३

*स्यावुन* गाउँ विकास समितिस्यावुन गा वि स (०७३।४।१ देखि ०७३।११।२७)

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १. गत वर्षको मौज्दात | - | ३५५०३७.५० | १. यो वर्षको खर्च | | ६३५१७३४.८१ |
| २. यो वर्षको आम्दानी | - | ७९३७२००.०० | • चालु | ३४५०००. | |
| • चालु | ३४५०००.०० | | • पूजिगत | २८५७१३ | |
| • पूजिगत | ४३८२६००.०० | | • सामाजिक सुरक्षा | ३१४९६०० | |
| • सामाजिक सुरक्षा | ३१४९६००.०० | | • अन्य | | |
| • अन्य | ६००००.०० | | २. बैंक मौज्दात | | १९४०५०२.६९ |
| जम्मा | | ८२९२२३७. | जम्मा | | ८२९२२३७. |

पूँजिगत तर्फ :

१, ८/०७३।६।६ कार्यालयले पुनम एण्ड ट्रेडर्स १५० सि सि पल्सर बाईक रु २,३८,४७८।– मा खरिद गरेको छ । सार्बजनि खरिद नियमावली २०६४ नियम ८५(४) बमोजिम मौजुदा सुचिमा रहेका कम्तिमा ३ बटा फर्महरुबाट दरभाउ लिई खरिद गर्नु पर्नेमा सोझै खरिद गरेको देखियो ।— प्रतिक्रियाबाट हटाएको

२ ७/०७३।०८।०२ कार्यालयले प्रविण शेर्पा बुद्ध ट्रेडर्स र महालक्ष्मी अटो मोवाईल्स फ्यूल सेन्टरलाई कार्यालय सामान खरिद बापत रु.९३००।– बिल भरपाई बेगर भुक्तानी खर्च लेखेको देखियो । नियमानुसार बिल भपाई पेश गरेरमात्र खर्च लेख्नु पर्दछ ।→ प्रतिक्रियाबाट हटाएको ।

३, स्थानिय निकाय स्रोत परिचालन तथा व्यावस्थापन कार्यविधी २०६९ को दफा १३(१) क र च अनुसार स्थानिय निकायको कोषको पूजिगत रकमबाट तलब भत्ता वा राजनितिक दल तथा तिनका भातृ संगठन वा भातृ संघसंस्था वा व्यक्ति आदिलाई कुनै पनि किसिमको आर्थिक सहायता चन्दा पुरस्कार प्रदान गर्न खर्च गर्न पाईने छैन भन्ने उल्लेख छ । कार्यालयले देहायको गोश्वर भौचर र मितिबाट निम्न संस्था वा व्यक्तिलाई रु.६९,०००। –आर्थिक सहायता प्रदान नियम सम्मत देखिएन ।

| गोश्वरा भौचर नं. र मिति | विवरण | भुक्तानी रकम (रु) |
|---|---|---|
| १८/०७३।०८।०२ | नयाँ शक्ति नेपाल | ५,०००।– |
| ५२/०७३।११।२७ | विभिन्न संस्था तथा व्यक्तिहरु | १०,०००।– |
| २४/०७३।१०।०९ | महिला स्वास्थ्य स्वायं सेविका तलब | ५४,०००।– |
| | जम्मा : – | ६९,०००।– |

४, ३२/०७३।११।०९
५१/०७३।११।२७ कार्यालयले सुमन गुरुङ्गलाई सवारी चालक मोटर साईकल पारिश्रमिक भुक्तानी वापत रु २७,५००।– खर्च लेखेको छ। कार्यालयमा सवारी चालकको स्वीकृत दरबन्दी नभएको तथा सवारी साधन गाडी नभएको अवस्थामामोटर साईकल चालक भनि कार्यक्रम बेगर रु २७,५००।–अनियमित भुक्तानी दिएको देखियो।

५, ५१/०७३।११।२७
५२/०७३।११।२७
कार्यालयले विविध फर्निचर खरिद र विभिन्न संस्था वा व्यक्तिहरुलाई आर्थिक सहायता वापत रु ४२,२२०।– बिल भरपाई बेगर खर्च लेखेको नियम सम्मत देखिएन।

६, कार्यालयले आ.व.०७३।०७४ को प्रथम र दोस्रो चौमासिक अवधिको मालपोत असुली रु २७,३३०।– को २५प्रतिशतले हुन आउने रकम रु ६,८३२।५० जिल्ला समन्वय समितिको खातामा पठाएको देखिएन।

७, कार्यालयले पेश गरेको आय व्यय विवरण अनुसार गत वर्षको जिम्मेवारी रु ३,५५,०३७।५० र यस वर्षको आम्दानी रु ७९,३७,२००।०० समेत रु ८२,९२,२३७।५० आम्दानी मध्येरु ६३,५१,७३५।०० खर्च भई बाकी रु १९,४०,५०२।६९ पाँचखपन नगरपालिकाको सर्व संचित कोष खातामा ट्रान्सफर गरेको छ।

८, १६/०७३।०७।०८ कार्यालयले स्यावुन र कटहरे विद्युत विस्तार उपभोक्ता समितिको अध्यक्ष श्री जिवनाथ दाहालको पेश्कि रु ३५,०००।– पे फ गरी १४,०००।– भुक्तानी दिई रु ४९,०००। खर्च लेखेको छ। कार्यालयले प्राविधीकबाट मूल्यांकन तथा कार्य सम्पन्न प्रतिवेदन बेगर रु.८४०००।– खर्च लेखेको देखियो।

→ प्रतिक्रियाबाट हटाएको।

**चालु खर्च तर्फ**

९, भौ.नं ६/०७३।६।५ कार्यालयले श्री नविन शाक्यलाई रु ५,०००। – भुक्तानी खर्च लेखेकोमा भरपाई बेगर खर्च लेखेको पाईयो। – प्रतिक्रियाबाट हटाएको।

१०, भौ.नं.७/०७३।०६।०५ कार्यालयले बिल भरपाई बेगर रु ३५,६५०।– खर्च लेखेकोमा पाईयो।
–प्रतिक्रियाबाट हटाएको।

## स्रोत उपयोग र उपलब्धिको विवरण

(हाल कायम भएको गाउपालिकामा प्रयोग गर्ने)

| क्र.सं. | स्रोत | | मुख्य उपलब्धिहरु | |
|---|---|---|---|---|
| १ | यस वर्षको आम्दानी | | बजेट खर्च | |
| २ | कर्मचारी संख्या | स्थायी जना<br>जनप्रतिनिधि | स्थानीय तहको आम्दानी | |
| ३ | भौतिक पूर्वाधारः | | धरौटी आम्दानी | ० |
| | • भवन संख्या | नभएको | कार्यक्रम उपलब्धि | |
| | • सवारी साधन संख्या | नभएको | • पञ्जिकरण कार्य, सिफारिस, नगर स्वास्थ्य | सख्या नखुल्ने |

## बेरुजू वर्गीकरण

| क्र.सं. | बेरुजू वर्गीकरण | दफा नं. | रकम |
|---|---|---|---|
| १ | असुल गर्नुपर्ने | २ | २५००० |
| | | ४ | ८११५ |
| | | २.१.१ | ३११९ |
| | | २.१.२ | २२२ |

| | | | |
|---|---|---|---|
| | | २.१.४ | १४६५०० |
| | | २.२.४ | ६६६ |
| | | २.२.६ | १००२२४ |
| | | जम्मा | २८३८४६ |
| | | | |
| | अनियमित भएको | | |
| २ | नियमित गर्नुपर्ने | | |
| | | ३ | ३३००० |
| | | २.२.१ | ९१५३० |
| | | २.३.१ | २३८४७८ |
| | | २.३.४ | २७५०० |
| | | जम्मा | ३९०५०८ |
| | | | |
| | • प्रमाण कागजात पेस नभएको | २.२.२ | २५००० |
| | • | २.३.२ | ९३०० |
| | • | २.३.३ | ६९००० |
| | • | २.३.५ | ४२२२० |
| | • | २.३.८ | ८४००० |
| | • | २.३.९ | ५००० |
| | • | २.३.१० | ३५६५० |
| | • | जम्मा | २७०१७० |
| | • जिम्मेवारी नसारेको | | |
| | • शोधभर्ना नलिएको | | |
| ३ | पेश्की: | | |
| | • कर्मचारी | ८.१ | ९१७१६०० |
| | • मोबिलाइजेसन | ८ | १९७४६६६ |
| | • प्रतीतपत्र | | |
| | • संस्थागत | | |
| | • | जम्मा | १११४६२६६ |
| ४ | सैद्धान्तिक | १,५,६,७,९,२.१.३,२.१.३,२.१.५,२.२.३,२.२.५, २.३.६,२.३.७ | |
| | | | |
| | | कुल जम्मा | १२०९०७९० |

प्रतिक्रियाबाट हटाइएको ९८,४४,६५९

२२,४६,०३१